नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

फोन : ०७१-५७०५१७
०७१-५७०२०१
०७१-५८७००६
gmail: pmamp.piu.rupandehi@gmail.com
website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :-
चलानी नं. :-

# न्युनतम समर्थन मूल्यमा धान खरीद गर्न चाहने सहकारी संस्था सूचिकृत हुने सम्बन्धी सूचना।

## सूचना नं.१२/०७९/८०

दोस्रो पटक प्रकाशित मिति: २०७९/०८/१४

नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७९/०७/१६ को निर्णयानुसार चालु आ.व.२०७९/८० को लागि मोटा धान प्रति क्विन्टल रु. २९६७/- र मध्यम धान प्रति क्विन्टल रु. ३१२८/- न्यूनतम समर्थन मूल्य तोकिएकाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय मार्फत आ.व. २०७९/८० मा कृषकहरुबाट उत्पादित धान न्यूनतम समर्थन मूल्यमा खरिद गर्ने सहकारीलाई सञ्चालन खर्च उपलब्ध गराउने कार्यक्रम रहेकोले रुपन्देही र नवलपरासी (ब.सु.प.) जिल्लाका ईच्छुक सहकारी संस्थाहरुले नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७७/०७/०४ को निर्णयबाट स्वीकृत न्यूनतम समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका, २०७७ को प्रावधान बमोजिम निर्देशिकामा उल्लेखित तपशिल अनुसारका आवश्यक विवरण र कागजात सहित सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र २०७९/०८/२० सम्म यस कार्यालयमा सूचिकृत हुनको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल:

१. रितपूर्वक सहितको सूचिकृत निवेदन।
२. सहकारी संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपी।
३. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र साथै करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
४. सहकारी संस्थाको आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपि ।
५. सहकारी संस्थाको कार्यक्षेत्र, शेयर पूँजी, कारोबार रकम र पछिल्लो आ. व. को लेखा परीक्षण प्रतिवेदन।
६. खरिद गर्न चाहेको धानको परिमाण र किसिम।
७. धान खरिद गर्न चाहेको स्थानीय तह तथा वडा समेत खुल्ने गरि ईच्छुक क्षेत्र।
८. धान खरिदका लागि आवश्यक रकमको स्रोतको विवरण।
९. खरिद गरेको धान भण्डारण तथा व्यवस्थापन सम्बन्धी विवरण।
१०. धान खरिद, ढुवानी, भण्डारण प्रशोधन एवम् बजार व्यवस्थापन सम्बन्धी विवरण तथा त्यसको लागि आवश्यक साधन, उपकरण तथा जनशक्तिको व्यवस्थापन सम्बन्धी विवरण।

**नोटः बिस्तृत जानकारीको लागि परियोजनाको Website:piurupandehi.pmamp.gov.np फोन नं. ०७१५७०२०१, ०७१५७०९१७, ९८५७०१६९१७, ९८५७०१७३८१, ९८६७१५५६७४ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।**

नारायण कापले
वरिष्ठ कृषि अधिकृत
ग.प.द्वि.(प्रा.)